जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १६ २०८० साल साउन १९ गते शुक्रबार (4 Aug. 2023 Friday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : तराईलाई सुक्खा क्षेत्र घोषणा. ३ पृष्ठमा : सहकारी पीडितको आन्दोलन... ३ पृष्ठमा : रुससँगको संयुक्त लगानीमा...

# नागरिकता सम्बन्धी कसुर मुद्दामा उपप्रमुख मिराका श्रीमान् महेन्द्र पूर्पक्षका लागि कारागार चलान



**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

नागरिकता सम्बन्धी कसुर मुद्दामा जिल्ला अदालत सप्तरीले बिहीबार महेन्द्र कुमार यादवलाई पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ ।

न्यायाधिश लालकाजी श्रेष्ठको इजलाशले महेन्द्रलाई पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो । अदालतको आदेश पश्चात् महेन्द्रलाई राजविराज कारागार चलान गरिएको सूचना अधिकारी गंगाकुमार मिश्रले जानकारी दिए ।

उक्त मुद्दाको अनुसन्धानको क्रममा प्रहरीको फरार सूचीमा रहेका महेन्द्र भने बिहीबार नै अदालतमा आफै उपस्थित भएका थिए । यादव सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादवका श्रीमान् हुन् ।

सोही मुद्दामा १२ दिनअघि उपप्रमुख मिरा एक लाख धरौटी बुझाउँदै तारेखमा रिहा भइसकेकी छिन् । उक्त प्रकरणमा अर्का आरोपी सहदेव यादव पनि तीन दिनअघि अदालतले दिएको आदेश बमोजिम एक लाख धरौटी बुझाउँदै तारेखमा रिहा भइसकेका छन् ।

अनुसन्धानका क्रममा पटक पटक म्याद थप्दै २३ दिनसम्म प्रहरी हिरासतमा रहेकी मिरालाई गत साउन ८ गते सप्तरी जिल्ला अदालतका न्ययाधीश हरिशचन्द्र इंगनामको इजलाशले एक लाख धरौटी बुझाई तारेखमा रिहा गर्ने आदेश जारि गरेको थियो ।

प्रतिवादी कृष्णकुमार यादवले भारतको समेत नागरिकता लिएको भन्दै उपप्रमुख मिरा, उनका श्रीमान महेन्द्र र स्थानीयवासी सहदेव यादवबिरुद्ध नागरिकता सम्बन्धी कसुरमा मुद्दा दायर गरेका थिए ।

डाक्नेश्वरी नगरपालिका ३ निवासी कृष्ण कुमार यादवले गत असार १७ गते मिरा, उनका पति महेन्द्र र स्थानीय सहदेव यादवविरुद्ध नेपाल र भारतका गरी दुई देशको नागरिकता लिएको

***बाँकी अन्तिम पृष्ठमा***




# अदालत र नगरपालिका आदेश विपरित सडकमै वर्षौंदेखी पसल



**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

अदालत र राजविराज नगरपालिकाको आदेश विपरित वर्षौंदेखी सडकनै अतिक्रमण गरि पसल संचालन हुँदै आएको खुलासा भएको छ ।

राजविराज ७ स्थित हाटबजार (हटिया) प्रवेश गर्ने एउटा मार्गको भित्रि सडक खण्डमा विगत ९ वर्षदेखी अतिक्रमण गरि सडकमै पसल संचालन हुँदै आएको खुलासा भएको हो ।

सर्वोच्च अदालतको फैसला तथा नगरपालिकाको आदेश विपरित वर्षौ देखि सार्वजनिक जग्गा र सडक मै पसल संचालन गर्दै आएका एक जनाको हकमा नगरपालिकाले कडाई गर्न नसकेको स्थानीयले गुनासो गरेका छन् ।

यसबारे विहीवार राजविराज नगरपालिकामा पीडितको तर्फबाट उजुरी नै परेको छ । उजुरीकर्ता मध्येका एक प्रदिप सिंहका अनुसार राम मन्दिर अगाडी हटिया प्रवेश गर्ने मार्गमा पर्ने प्लट नम्बर १५ देखि उत्तर, प्लट नम्बर ५४ देखि दक्षिण र प्लट नम्बर ५३ देखि पश्चिम सार्वजनिक बाटोमा लखन साहले वर्षोदेखि अ└ वैधरुपमा घेरबार र कब्जा गरी टिन र काठको छाप्रो राखि पसल संचालन गर्दै आएका छन् ।

जबकी २०७१ साल पौष २४ गते सर्वोच्च अदालतको पुर्ण इजलाशले समेत उक्त जग्गा ऐलानी बाटो ठहर गरीसकेको छ । विवादित जग्गाबारे सर्वोच्च अदालतको आदेश आएपछी राजविराज नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकिय अधिकृत विष्णु गुरुङ्गले मिति २०७३

***बाँकी दुई पृष्ठमा***

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सिंचाईमा सुधार आवश्यक

सप्तरी जिल्लामा कृषिका लागि सिंचाईको निकै नै समस्याहरु रहेका छन् । जिल्लाका अधिकांश जनता कृषिमै आधारित रहदा पनि यहाँको सिंचाई र कृषिमा अपेक्षा अनुकुलको सुधार आउन सकेको छैन् । धान उत्पादनको दृष्टिकोणले महत्वपुर्ण रुपमा चिनिदै आएको यस जिल्ला सिंचाई आवश्यकता अनुसारको सुविधा छैन् । समतल र उर्वराभुमि रहेको सप्तरी जिल्लामा धान मात्र नभई अन्नबाली र अन्य तरकारीबालीको पनि उत्पादन राम्रै हुदै आएको छ । तर बिगत एक दशकयता सप्तरीमा धानबालीसँगै अन्यबालीहरुको समेत उत्पादन घट्दै आएको छ । धानबाली र अन्नबालीको उत्पादनमा आउने कमीका कारण किसानहरु चिन्तित बन्दै गएका छन् ।

सिचाईको उचित व्यवस्था नहुँदा कृषि उत्पादनमा कमी आउदाँ समेत सम्बन्धित निकायले ध्यान पु¥याउन सकेको छैनन् । बर्षाको भरमा खेती गर्ने यहाँका किसानहरु बर्षा नभए खडेरकिो मार खेप्दै आएका छन् । रोपाई गरेको धानबालीमा पानीको मात्रा कम भएकाले बालीको जुन किसिमले विकास हुनुपर्नेथ्यो त्यो हुन सकेको छैन् ।

यता सिचाईको आभावमा बर्षेनी सप्तरीमा कृषि उत्पादनमा ह्रास आउँदा पनि सम्बन्धित निकाय यस समस्याप्रति गम्भीर नहुनु दुर्भाग्यपुर्ण हो । तसर्थ यहाँका करिब ९० प्रतिशत आश्रित रहेको कृषि क्षेत्रको उर्वरा शक्ति बढाउन सरकार र सिंचाईको उचित व्यवस्था मिलाउन सम्बन्धित निकायले समयमै उचित कदम चाल्नु आवश्यक छ ।

# तराईलाई सुक्खा क्षेत्र घोषणा गर्न सरकारलाई जनप्रतिनिधिको आग्रह

पर्सा, १८ साउन (रासस) ।

वीरगञ्ज महानगरपालिकालगायत तराईका जिल्लामा देखिएको पानीको समस्यालाई तत्कालीन र दीर्घकालीनरूपमा समाधान गर्न पर्साका जनप्रतिनिधिहरूले संघ सरकारलाई अपिल गरेका छन् । वीरगञ्ज महानगरपालिकाले बिहीबार वीरगञ्जमा आयोजना गरेको ‘खानेपानी समस्या सम्बन्धमा सरोकारवालासँग छलफल’ विषयक कार्यक्रममा प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले संघ सरकारलाई यस्तो आग्रह गरेका हुन् ।

कार्यक्रममा सहभागी नेपाल सरकारका खानेपानीमन्त्री महिन्द्र राय यादवलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्यद्वय प्रदीप यादव र अजयकुमार चौरसियालगायतका जनप्रतिनिधिले तराईका जिल्लामा देखापरेको खानेपानीको समस्या कोरोना महामारीभन्दा बढी भयावह अवस्थामा देखिएकाले यसको तत्कालीन र दीर्घकालीनरूपमा समाधान गरी सर्वसाधारणको ज्यान रक्षा गर्न संघ सरकारलाई आग्रह गरेका हुन् । जनप्रतिनिधिले सर्वसाधारणले खोनेपानीको अभाव खेपिरहेको र वर्षा नहुँदा कृषि कार्यमा समेत समस्या देखिएकाले यस क्षेत्रलाई सुक्खा क्षेत्र घोणा गर्ने गरी किसानलाई राहत प्रदान गर्न माग गरेका छन् ।

खानेपानीको समस्या दिनानुदिन भयावह हुँदै गएको र आउने दिनमा यो समस्या विकराल हुँदै जाने भएकाले तराईलाई मरुभूमि र तराईवासीलाई अकाल मृत्युबाट जोगाउन सरकारले तत्काले अग्रसरता देखाउन प्रतिनिधिसभा सदस्यद्वयले आग्रह गर्नुभयो ।

कार्यक्रममा जनप्रतिनिधिले राखेका जिज्ञासा तथा विभिन्न मागका विषयमा मन्त्री यादवले तराईका विभिन्न जिल्लामा देखिएको खानेपानीको समस्याप्रति सरकार अत्यन्त गम्भीर रहेको र खानेपानी समस्यालाई तत्काल सम्बोधन गर्न आवश्यकताका आधारमा डिपबोरिङ र स्यालोट्युबवेल जडान गराउने तयारीमा सरकार रहेको जानकारी दिनुभयो । उहाँले नेपाल खानेपानी संस्थानको क्षमतालाई वृद्धि गर्दै त्यसको पहुँचलाई बढाउँदै लैजान संस्थालाई निर्देशन दिनुभयो ।

उहाँले तराईका जिल्लामा देखिएको खानेपानीको अभाव चुरेक्षेत्रको अत्यधिक दोहनले गर्दा भएको र सो क्षेत्रको संरक्षण गर्दै पानीको सतहलाई बढाउन रिजर्भ ड्याम बनाउने सोचमा नेपाल सरकार रहेको बताउनुभयो ।

चुरेक्षेत्रको अत्यधिक दोहनका कारण तराईका जिल्लामात्र नभई भारतको उत्तर प्रदेश र बिहार राज्यमा समेत पानी अभाव देखिएकाले चुरक्षेत्रको संरक्षणसँगै रिजर्भ ड्याम निर्माणका विषयमा भारत सरकारसँग छलफल भइरहेको र भारतीय पक्ष यस विषयमा सकारात्मक रहेको मन्त्री यादवले जानकारी दिनुभयो ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागीले खानेपानी संस्थानमा देखिएको जनशक्ति अभावलाई सरकारले तत्काल सम्बोधन गरी धारा जडान प्रक्रियालाई गति दिन आग्रह गरेका थिए ।

# मूल्यवृद्धि नहुने गरी आपूर्ति व्यवस्था सहज बनाउन निर्देशन

काठमाडौँ, १८ साउन (रासस) ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले खाद्यपदार्थको मूल्यवृद्धि नहुने गरी मुलुकको आपूर्ति व्यवस्था सहज बनाउन निर्देशन दिनुभएको छ ।

मन्त्रालयमा बुधबार आयोजित छलफलमा उहाँले आपूर्ति व्यवस्थामा आउन सक्ने समस्या समाधान गर्न आफ्नो पूर्ण साथ र सहयोग रहने स्पष्ट पार्नुभयो ।

सम्पूर्ण सरोकारवाला निकाय सजग रही आपूर्ति शृङ्खलामा कुनै कमीकमजोरी हुन नदिन सबैले आआफ्नोतर्फबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै मन्त्री रिजालले मन्त्रालयको तर्फबाट अत्यावश्यक वस्तुको आपूर्तिमा सबै प्रकारको सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव, विभिन्न मन्त्रालय तथा विभागका पदाधिकारीहरु र आपूर्ति क्षेत्रसँग सम्बद्ध सार्वजनिक निकायका प्रमुखको उपस्थिति थियो ।

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, वस्तुगत सङ्घलगायतका निजी क्षेत्रका प्रतिनिधिकोसमेत छलफल कार्यक्रममा सहभागिता रहेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले सबै सरकारी तथा निजी क्षेत्रले आपसी सहकार्यमा आपूर्ति व्यवस्था सहज र व्यवस्थित बनाउन लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा आसन्न चाडपर्वलाई लक्षित गरी बजार अनुगमनलाई तीव्रता दिने र भारतले चामल निर्यातमा लगाएको प्रतिबन्धको नीतिले सिर्जना गर्नसक्ने समस्या समाधान गर्ने विषयमा समेत छलफल भएको थियो ।

### *अदालत र नगरपालिका ...*

असार २० गते लखन साहको नाउँमा चलानी नं. १७१ को पत्र काट्दै उक्त सार्वजनिक बाटोमा अवैध रुपमा बनाइएका भौतिक संरचना सात दिन भित्र हटाउन निर्देशन दिएको थियो । पत्रमा सर्वोच्च अदालतको मिती २०७१ साल पौष २४ गतेको पुर्ण इजलाशले सो जग्गा ऐलानी बाटो ठहर गरिसकेको उल्लेख गर्दै अदालतको आदेशको वेवास्ता नगर्न सचेत समेत गराइएको थियो ।

तर, अदालतले गरेको आदेशको ९ वर्ष तथा नगरपालिकाले पत्र काटेर दिएको निर्देशनको ७ वर्ष वितिसक्दा पनि कार्यान्वयन हुन नसकेको उजुरीकर्ता सिंहले गुनासो पोखेका छन् ।

पछिल्लो पटक उनले नगरपालिकामा बुझाएको उजुरीमा सर्वोच्च अदालतले गरेको आदेश तथा तत्कालिन प्रमुख प्रशासकिय अधिकृत गुरुङले काटेको पत्रको प्रतिलिपी समेत संलग्न गरी आदेशको कार्यान्वयन गराउन माँग गरेका छन् ।

स्थानीय त्रिभुवन यादवले सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका टहरा डोजर लगाएर भत्काउँदा कसैको आपत्ती नहुने भन्दै अटेर गर्नेलाई कानुनी दायरामा ल्याउनु पर्नेमा जोड दिए । उनले विगतमा भोट घट्ने चिन्ताले कतिपय जनप्रतिनिधीले डोजर चलाउने आट नगर्दा अतिक्रमण गर्नेहरुको हौसला बढ्दै गएको बताए ।

लखन साहको भने २ वर्ष अघि निधन भईसकेको छ । हाल उनका सन्तानले उक्त जग्गामा बनाइएका पसल भाडामा लगाएका छन् । साहको परिवारजन भने उक्त ८ धुर जग्गा प्राप्तिका लागि साहले बि.स. २०३८ सालमा प्रमुख सैनिक सचिवालयमार्फत तत्कालिन राजा विरेन्द्रलाई निवेदन बुझाएको बताएका छन् । सोही निवेदनको आधारमा राजाबाट हुकुम प्रमाँगी भएपछी आफूहरु उक्त जग्गामा वसोवास गर्न थालेको साहका आफन्तजनको भनाई छ ।

उक्त जग्गाको विवाद जिल्ला, पुनरावेदन हुदै सर्वोच्च अदालतसम्म पुगेको तत्कालिन नगर प्रमुख जगरनाथ दासको भनाई छ । उनले सो जग्गा सार्वजनिक बाटो भएको दावी गरे । आफ्नो कार्यकाल सम्म उक्त जग्गा खाली नै रहेको भन्दै उनले माओवादी जनयुद्ध कालमा स्थानीय तहमा जनप्रतिनीधी नभएको मौका पारेर जग्गा अतिक्रमण गरिएको जानकारी दिएका छन् ।

तत्कालिन राजा वीरेन्द्रको हुकुम प्रमाँगीमा उक्त जग्गा लखन साहलाई उपभोग गर्न दिनु उल्लेख देखिएपनी सो अघि वि.स. १९९८ सालमा नगरयोजना बन्दा सार्वजनिक प्रयोजनका लागी छुट्याइएको बाटोको जग्गा व्यक्ती विशेषका नाममा दर्ता गर्ने अधिकार कसैको नभएको सर्वोच्च अदालतको फैसलामा रहेको छ ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले प्राप्त उजुरी उपर छानवीन थालिएको बताईन । सार्वजनिक सम्पती संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएकाले आफुले यसलाई गम्भिरताका साथ लिएको उनले बताइन् । पुरानै मुद्दा भएपनि यसको छानवीन र कानुनी पक्षलाई हेरी आवश्यक निर्णय लिइने उनको भनाई छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सहकारी पीडितको आन्दोलन स्थगन

काठमाडौँ, १८ साउन (रासस) ।
सरकार र सहकारीपीडितबीच सात बुँदे सम्झौता भएको छ । दुवै पक्षबीच भएको सम्झौताअनुसार सहकारी संस्थाका बचतकर्ता सदस्यले माइतीघरमण्डलामा जारी राखेको अनसन/धर्ना आजैदेखि स्थगन गरेका छन् ।
सिंहदरबारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, सचिव गोकर्णमणि दुवाडी, सहकारी विभागका रजिष्ट्रार नवराज घिमिरे र पीडितबीच बिहीबार छलफल भएको थियो । छलफलबाट सहकारी संस्थाका बचतकर्ताको बचत फिर्तालाई सुरक्षा प्रदान गर्न तत्काल बचत तथा कर्जा सुरक्षण कोष स्थापनाका लागि मन्त्रालयले प्रक्रिया अगाडि बढाउने सहमति भएको सहकारी विभागका सूचना अधिकारी टोलराज उपाध्यायले जानकारी दिनुभयो ।
"सहकारी संस्थाबाट भएको कर्जा असुली प्रक्रियालाई छिटो-छरितो र प्रभावकारी बनाउन कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधीकरणको स्थापना गर्न मन्त्रालयले तत्काल कार्य प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ । सहकारी क्षेत्र सुधार सुझाव कार्यदलमा अनसन/धर्नामा रहेका सहकारी संस्थाका बचतकर्ताको समेत प्रतिनिधित्व गराउन धेरैमा तीन जनासम्म प्रतिनिधि आमन्त्रित सदस्यका रूपमा समावेश गर्ने सहमति भएको छ", उहाँले भन्नुभयो ।
यस्तै सहकारी क्षेत्रको सुधार गर्न विद्यमान कानुनी व्यवस्थाभित्र तत्काल सुधार गर्न सकिने र कानुन संशोधन गर्नुपर्ने भए त्यस्तो विषयमा समेत तत्काल मन्त्रालय, सहकारी विभाग र समस्याग्रस्त व्यवस्थापन समितिबाट आवश्यक गृहकार्य अघि बढाउने सहमति भएको छ ।
सहकारीपीडित बचतकर्ता माइतीघरमण्डलामा दुई महिनादेखि अनसन/धर्नामा बस्दै आएका थिए । सहमतिअनुसार ओरेन्टललगायत समस्याग्रस्त घोषित सहकारी संस्थाको तर्फबाट बचतकर्तालाई रकम फिर्ता गर्दा स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग मन्त्रालयले समन्वय गर्ने निर्णय भएको छ ।

# मातृ मृत्यु घटाउन सबैका सहयोग आवश्यक छ : मुख्य सचिव

काठमाडौँ, १८ साउन (रासस) ।
मुख्य सचिव डा वैकुण्ठ अर्यालले मातृ मृत्यु घटाउन स्वास्थ्य क्षेत्रको पहलले मात्र नभएर सबैको सहयोग आवश्यक रहेको बताउनुभएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'नेपालमा मातृ मृत्युदरको अवस्था र सरोकारवालाको भूमिका विषय उच्चस्तरीय नीति संवाद'मा उहाँले सबैको सहयोगले मातृ मृत्यु घटाउन सकिने बताउनुभयो ।
उहाँले विगतको तुलनामा मातृ मृत्युदर निकै राम्रो उपलब्धि हासिल भएको भए पनि सन् २०३० सम्म प्रतिलाख ७० जनामा पुर्‍याउन क्षेत्रगतरुपमा विशेष पहल गर्नुपर्ने, स्थानीय तहको क्षमता अभिवृद्धि तथा सहयोग गरिनुपर्ने बताउनुभयो । मुख्यसचिव अर्यालले मातृ मृत्यु दर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । मन्त्रालयले तयार परेको मातृ मृत्यु अध्ययनको मुख्य सार समेटिएको राष्ट्रिय तथा प्रादेशिक तथ्यगत सारको पनि उहाँले सार्वजनिक गर्नुभयो ।
कार्यक्रममा मन्त्रालयका सचिव डा रोशन पोखरेलले मातृ मृत्यु घटाउन मन्त्रालयको प्रयास रहने भन्दै सम्बन्धित निकायसँग समन्वय र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा थप प्रयत्नशील रहेने प्रतिबद्धता व्यक्त गर्नुभयो । मन्त्रालयका अतिरिक्त सचिव डा सङ्गीता कौशल मिश्राले मातृ मृत्यु अध्ययनको औचित्य, उद्देश्य, विधि तथा अध्ययनको मुख्य नतिजामाथि प्रकाश पार्नुभयो । जसमा नेपालको मातृ मृत्युदर सन् २०२१ मा प्रतिलाख एक सय ५१ जनामा रहेको र दिगो विकास लक्ष्य प्राप्त गर्न सन् २०३० मा प्रतिलाख ७० जनामा झार्नुपर्ने छ ।
स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले मातृ मृत्युदर मन्त्रालयले गुणस्तरीय स्वास्थ्यमा ध्यान दिएको बताउनुभयो । कार्यक्रममा सहभागीले सरकारको १६औँ आवधिक योजना तर्जुमा गर्दा मातृमृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्ने गरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित र शीघ्र व्यवस्थापन गरिनुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रविन्दुमा राखिनुपर्ने धारणा राख्नुभएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिनुभयो ।
उहाँका अनुसार स्थानीय सरकारलाई आवश्यकताका आधारमा निर्दिष्ट सहयोग गर्नुपर्ने, वर्गीकृत तथ्याङ्कलाई सर्वसुलभ उपलब्ध गराइनुपर्ने, सबै तहमा सरोकारवालाबीच समन्वय गरिनुपर्नेजस्तामा विषयमा उहाँहरूले जोड दिनुभयो । कार्यक्रममा विकास साझेदार निकायका प्रतिनिधिले सरकारले स्वास्थ्य क्षेत्र र विशेष गरी मातृमृत्यु घटाउन गरेका पहलको प्रशंसा गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय योजना आयोग, प्रादेशिक स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका सचिव, विभिन्न मन्त्रालयका उच्च अधिकारीको सहभागी रहेको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो ।


## विभिन्न विपद्को समययमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


## विश्व समाचार

### रुससँगको संयुक्त लगानीमा भारतमा विद्युतीय रेल बनाइदै

मस्को, १८ साउन (रासस/एएनआई) ।
भारत र रुसबीच एक सय २० वटा विद्युतीय रेल उत्पादन गर्ने संयुक्त लगानीको कम्पनी भारतमा स्थापना गर्ने सम्झौता भएको छ ।
लामो दूरीमा सञ्चालन हुने एक सय २० वटा रेल बनाउन रुसको सबैभन्दा ठूलो रेल निर्माता कम्पनी ट्रान्सम्यासहोल्डिङ र भारतीय कम्पनी रेल विकास निगम लिमिटेड(आरभिएनएल) बीच सम्झौता भएको हो ।
यात्रीलाई सुत्ने सुविधाका साथ निर्माण गरिने एउटा रेलको मूल्य एक अर्ब ४० करोड पर्नेछ । 'बन्दे भारत' नामका ती रेलका अधिकांश डिब्बामा वातानुकूलन प्रणाली पनि जडान हुनेछ । दुवै समूहले लगानी गर्ने कम्पनीको नाम किनेट रेलवे सोलुसन्स लिमिटेड हुनेछ । कम्पनीमा आरभिएनएलको २५ प्रतिशत लगानी हुने रुसी समाचारपत्र कमर्सन्टले जनाएको छ ।
महाराष्ट्रको लातुरामा कम्पनी स्थापना गरेर निर्माण प्रारम्भ गरिनेछ । सम्झौताअनुसार अबको पाँच वर्षभित्रमा रेल बनाइसक्नुपर्नेछ । उक्त कम्पनीले नै ३५ वर्षसम्म कारखानाका उपकरण तथा रेलको मर्मत सम्भार गरिनेछ ।
उलान-उडे लोकोमोटिभ प्लान्टको भ्रमणका क्रममा ट्रान्समासहोल्डिङका महानिर्देशक किरिल लिपालाई रुसी प्रधानमन्त्री मिखाइल मिशुस्टिनले सम्झौताबारे जानकारी दिनुभएको हो ।
ट्रान्समासहोल्डिङका महानिर्देशकका भारतीय रेलवेका सहकर्मीसँग मिलेर परियोजनाको अर्को चरणको काम शीघ्र प्रारम्भ गरिनेछ । ट्रान्समासहोल्डिङ आधुनिक रेल निर्माणमा ख्यातिप्राप्त कम्पनी हो जसले विश्वका ३० देशमा रेल डिजाइन, इन्जिन र अन्य उपकरण निर्माण तथा आपूर्ति गर्दै आएको छ ।

### रियो दि जेनेरियोमा भएको आक्रमणमा नौ जनाको मृत्यु

ब्राजिलिया, १८ साउन, (रासस/एएनआई) ।
रियो दि जेनेरियो शहर आसपास प्रहरीले गरेको आक्रमणमा कम्तीमा नौ व्यक्तिको मृत्यु भएको अल जजीराले जनाएको छ । भर्खरैका हिंसात्मक घटनाहरूका कारण कम्प्लेक्सो दा पेन्हामा आपराधिक समूहहरूलाई लक्षित गर्दै प्रहरी कारबाही तीव्र पारिएको हो । ब्राजिलमा पछिल्ला दिनहरूमा यस्ता कारहबाहीलाई राजनीतिक समर्थनसहित तीव्रता दिइएको छ । यद्यपि यस किसिमका कारबाहीमा प्रहरीले व्यापक बल प्रयोग गरेको भन्दै आलोचना पनि भएको छ ।
अल जजीराका अनुसार ब्राजिलका पूर्व राष्ट्रपति जैर बोल्सोनारोले - प्रहरी शक्तिको दुरुपयोगको चिन्तालाई अस्वीकार गर्दै भनेका छन्- अपराधीहरू "साङ्लो जस्तै मर्नुपर्छ ।"
उनले ब्राजिलमा "बुलेट लबी" लाई दृढतापूर्वक समर्थन समेत गरेका छन् । यहाँ यो शब्दावली राजनीतिक शक्तिहरूलाई वर्णन गर्न प्रयोग गरिन्छ जसको आशय बन्दुक, अपराध विरोधी कानून, र कानून प्रवर्तनमा बढेको पहुँचको पक्षमा एकजुट हुनुलाई बुझिन्छ ।

### बेलाइतले सुरक्षाका कारण नाइजरमा रहेको दूतावासका कर्मचारी घटाउँदै

लन्डन, १८ साउन (रासस/एएफपी) ।
बेलाइतले बिहीबार सैन्य विद्रोहपछि नाइजरमा रहेको आफ्नो दूतावासका कर्मचारीलाई अस्थायी रूपमा कटौती गरेको जनाएको छ । "सुरक्षा अवस्थाका कारण नियामीमा रहेको बेलाइती दूतावासले अस्थायी रूपमा आफ्ना कर्मचारीको सङ्ख्या घटाएको छ," विदेश मन्त्रालले विज्ञप्ति जारी गर्दै जनाएको छ ।
संयुक्त राज्यले बुधवार कूटनीतिक कर्मचारीहरूलाई आंशिक खाली गर्न आदेश दिएको छ भने फ्रान्सले बिहीबार नियामीस्थित आफ्नो दूतावासमा हिंसात्मक प्रदर्शन भएपछि आफ्नो मिसन र कूटनीतिक कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्न जुन्तालाई आग्रह गरेको छ । नाइजरको पूर्व औपनिवेशिक शासक फ्रान्सले पश्चिम अफ्रिकी देशमा सैन्य हस्तक्षेप गर्न खोजेको आरोप पुटस्चिस्टहरूले लगाएका छन् ।

### दक्षिण पश्चिम पाकिस्तानमा गोली चल्दा चार जनाको मृत्यु

इस्लामावाद, १८ साउन (रासस/सिन्ह्वा) ।
पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बुधबार राति दुई समूहबीच गोली हानाहान हुँदा चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । सो घटना प्रान्तीय राजधानी क्वेटामा भएको थियो । दुई समूहका सदस्यहरू बीचको मौखिक झगडा उग्र बन्दै जाँदा उनीहरूले एकअर्का माथि गोली प्रहार गरेको प्रहरीले जनाएको छ ।
जग्गा विवादमा झडप भएका दुवै समूह शहरका प्रभावशाली परिवारका सदस्यहरी रहेको बुझिएको छ । गोली हानाहानमा कैयौं व्यक्ति घाइते भएका थिए । घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ । थप अनुसन्धानका लागि प्रहरीले उक्त क्षेत्रलाई घेराबन्दी गरेको छ ।

# मधेस प्रदेशमा ५९ प्रतिशत मात्र धान रोपाई

धनुषा, १८ साउन (रासस)।

साउनको दोस्रो सातासम्म मधेश प्रदेशमा जम्मा ५८ दशमलव ८१ प्रतिशत रोपाइँ भएको छ। मधेस प्रदेशस्थित कृषि निर्देशनालयका अनुसार देशकै कृषि क्षेत्रका रुपमा चिनिने मधेशप्रदेशभित्र धान दिवस अर्थात् असार १५ गतेसम्म ११ प्रतिशत मात्र धान रोपाइँ भएको थियो।

समान्यतया रोपाइँ सम्पन्न भइसक्नुपर्ने समयमा आइपुग्दासमेत मधेसका आठ जिल्लामा समग्रमा लगभग ४१ प्रतिशत खेतमा रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कमलदेव कुशवाहाले जानकारी दिनुभयो।

देशको कूल ग्राहर्स्थ उत्पादनमा धानको उल्लेखनीय भूमिका रहेको छ। मधेश प्रदेशमा सबैभन्दा बढी धान नै उत्पादन हुँदै आएको थियो तर एक दशकयतादेखि उत्पादनमा कमी हुँदै आएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क अनुसार देशको कूल धान उत्पादनको २० देखि २५ प्रतिशत उत्पादन मात्रै यस प्रदेशमा हुने गरेको छ।

प्रदेशका आठवटै जिल्लामा गरी कूल पाँच लाख ७४ हजार तीन सय ६० हेक्टर खेतीयोग्य जमिन रहेकामा चार लाख पाँच हजार चार सय ५० हेक्टर क्षेत्रफल धान रोपाइँयोग्य जग्गा रहेको छ। अहिलेसम्म मात्र दुई लाख ३८ हजार चार सय ४६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिनुभयो।

यसपाली धनुषासहित मधेस प्रदेशको जिल्लामा लामो समयदेखि वर्षा नै नभएका कारण सिँचाइका लागि निर्मित नहरमा पानी नै आएको छैन। भूमिगत सिँचाइको वैकल्पिक व्यवस्था गरिएको क्षेत्रमा जसोतसो धान रोपाइँ भए पनि नहरबाट सिँचाइ हुने क्षेत्र साउनको दोस्रो साता बिते पनि सुक्खा छ।

यस प्रदेशमा साना तथा ठूला सिँचाइका स्रोतसमेतलाई आधार मान्ने हो भने तीन लाख ५७ हजार सात सय ९३ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइको व्यवस्था रहेको कृषि निर्देशनालयले जनाएको छ। खडेरीले यसवर्ष मधेस प्रदेशमै धानखेती प्रभावित भएको छ। अधिकांश खेत सिँचाइको अभावमा बाँझै छ भने रोपाइँ भइसकेको खेत पनि सुकेर चिरा पर्न थालेको छ।

बोरिङमा विद्युतीय मोटर जडान गरी रोपाइँ भएको खेतमा पनि पर्याप्त पानी नपुगेर बाली सप्रिन नसकेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-४ का किसान दिपो यादवले दुःखेसो गर्नुभयो। "पाँच बिघा धानखेती गर्ने तयारी थियो, दुई बिघामा मोटरले पानी लगाएर रोपाइँ त गरेँ, तर खेतमा पानी जमिरहन सक्ने अवस्था छैन, बाँकी दुई बिघामा कहिलेसम्म रोपाइँ गर्ने हो भन्ने ठेगानै छैन", धनुषाको धनुषाधाम नगरपालिकाका किसान फुलगेन महतोले भन्नुभयो।

प्रदेश कृषि निर्देशनालयको तथ्याङ्कअनुसार मधेस प्रदेशमै सबैभन्दा बढी रोपाइँ सप्तरीमा भएको छ। सप्तरीमा ८४ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ भने धनुषामा जम्मा २७ प्रतिशत रोपाइँ भएको कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिनुभयो।

कुशवाहाका अनुसार बारामा ७५, रौतहटमा ७०, महोत्तरीमा ६० र पर्सामा ५५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। सर्लाही र सिरहामा ५० प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ। धान उत्पादनको दृष्टिकोणले मधेसको सबैभन्दा बढी धान फल्ने जिल्लाको रुपमा धनुषा चिनिन्छ।

प्रदेश कृषि निर्देशनालयको रेकर्ड अनुसार सबैभन्दा बढी धनुषा र सबैभन्दा कम रौतहटमा धान उत्पादन हुने गरेको छ। धनुषामा दुई लाख ५१ हजार एक सय ८६ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरेको छ। रौतहटमा एक लाख ३४ हजार सात सय ६० मेट्रिक टन, बारामा दुई लाख ४८ हजार छ सय ६३ मेट्रिक टन, पर्सामा एक लाख ९१ हजार नौ सय २५ मेट्रिक टन, सप्तरीमा एक लाख ८३ हजार आठ सय ८८ मेट्रिक टन, सर्लाहीमा एक लाख ७३ हजार छ सय १८ मेट्रिक टन, सिरहामा एक लाख ७२ हजार एक सय ७६ मेट्रिक टन र महोत्तरीमा एक लाख ३८ हजार आठ सय २९ मेट्रिक टन धान उत्पादन हुने अनुमान निर्देशनालयको छ।

# भ्रमित नभै ढुक्कले कारोबार गर्न सहकारी बैंकको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन।**

सहकारी क्षेत्रमा भएको गतिविधिहरुले राष्ट्रिय सहकारी बैंकप्रति भ्रम पैदा भएको छ। त्यस्ता गतिविधिबाट भ्रममा नपर्न सहकारी बैंकले आफ्ना सदस्य तथा सरोकारवालाहरुमा अनुरोध गरेको छ।

सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सहकारी बैंक खटिएर लागेको छ। बैंकले सहकारी अभियानका तर्फबाट विभिन्न तरिकाले पहलकदमी गरिरहेको हुँदा देशभरका सदस्य सहकारी संघ संस्था, नियामकीय निकाय तथा सम्पूर्ण सरोकारवालाहरुलाई भ्रममा नपर्न अनुरोध गरेको हो।

विज्ञप्तीमा भनिएको छ, 'देशभरका सहकारी संघ संस्थाको विश्वास, साथ र सहयोगद्वारा स्थापित, सञ्चालित सहकारी बैंक नेपाल राष्ट्र बैंक समेतको नियमनमा छ। बैंकले नियमनकारी निकायका निर्देशनहरु पूर्ण रूपमा पालना गरेको छ।संस्थागत सुशासन सहित सञ्चालित सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा केन्द्रीत रहदै आएको छ। सहकारीहरुको संस्थागत विकास, वित्तीय व्यवस्थापनलगायत सहकारीको समग्र विकासमा बैंकले आफ्नो तर्फबाट सक्दो पहल, प्रयत्न र संयोजनकारी भूमिका निर्वाह गरेको छ। विभिन्न समयमा बैंक र बैंकको अध्यक्षलाई लक्षित गरी सार्वजनिक हुने गरेका समाचारप्रति बैंकको गम्भीर ध्यानाकर्षण भएको छ।'

बैंकका ५ वटा सदस्य सहकारी संस्थाहरु एकीकरण हुँदा साविकको सदस्य संस्था हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्थामा बैंकको कर्जा रकम २८ करोड रहेको छ। बैंकको नीति बमोजिम सबै सहकारीको एकल कर्जा सीमा भित्रै रहेको अवस्थामा एकीकरण भएको हो। सबै संस्थाले लिएका कर्जाको कूल रकम एक अर्ब नजिक रहन पुगेको बैंकले प्रष्ट पारेको छ।

सहकारी विभागले सम्बन्धित संस्थाहरुले नै बैंकको कर्जा सिमा भित्र ल्याउने योजनाका साथ एकीकरण गर्न अनुमति दिएको हो र बैंकको नीति अनुसार आगामी तीन वर्षभित्र एकीकृत संस्थाले कर्जालाई सिमा भित्र ल्याउनु पर्ने व्यवस्था छ। असार मसान्तसम्मको वित्तीय विवरण अनुसार बैंकको तरलताको अवस्था ३६.९९ प्रतिशत कायम रहेको जनाइएको छ।

# लागुऔषधसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन।**

सप्तरीको सुरुङ्गा नगरपालिका ४ कदमाहा चौकमा बुधबार प्रहरीको गस्ती टोलीले लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ।

गाईघाट जाने बाटोमा ईलाका प्रहरी कार्यालय कडरबोनाको टोलीले पैदल हिडी रहेका उदयपुरको त्रियुगा नगरपालिका ११ बरुवाटार निवासी १९ वर्षिय बिशाल राईलाई लागुऔषधसहित पक्राउ गरेको हो।

प्रहरीका अनुसार राईले बोकेको कालो प्लाष्टिकको झोला फाली भाग्न खोज्दा प्रहरी टोलीले पक्राउ गरि तलासी गर्दा डाइजेपाम इन्जेक्सन ४८ थान, बुप्रेनोरफाइन इनजेक्सन ४७ थान र फेनारगन इन्जेक्सन ४८ थान लागुऔषध बरामद गरेको हो।

पक्राउ परेका राईलाई आवश्यक अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय कडरबोनामा राखिएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ।

## नागरिकता सम्बन्धी ...

भन्दै नागरिकता सम्बन्धि कसुर मुद्दा दर्ता गराएका थिए।

प्रहरीले उक्त मुद्दा दर्ता गर्न आलटाल गरे पछी उनी अदालत पुगेका थिए। उच्च अदालत जनकपुर-राजविराज इजलाशले उक्त मुद्दा उपर सुनवाई गर्दै परमादेश जारी गरेको थियो। त्यस पछी प्रहरीले पक्राउ पुर्जी जारी गरेको थियो।

भारतको निर्वाचन नामावली २०२२ मा बिहार राज्यको क्रम संख्या ६३२ मा महेन्द्र र ६३३ मा मिराको नाम रहेको विवरण सुचीका साथै अनुमण्डलीय न्यायलय निर्मलीमा महेन्द्र र मिराले पेश गरेको शपथ पत्र तथा भारतीय निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेत उजुरी मार्फत पेश गरिएको थियो।

## राजबिराज नगरपालिका
### १ नं.वडा कार्यालय
### राजबिराज,सप्तरी
### मधेश प्रदेश नेपाल

प.स. २०८०/०८१
च.नं. ९३५

मिती :- २०८०।०४।१८

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने श्यामा कुमारी साहले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८०।०४।१७ गते मा द.नं. १०५ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

**तमसिल**

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.२हाल १ बस्ने बिसुनदेव साह नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | दिघवा | २क | १३३ | ०-४-३ |

२०८०।४।१९
चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१


# डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

# डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोढुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


# बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np